# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०९ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको ।

---

मालपोत कार्यालय चावहिल, काठमाडौंका नायव सुब्बा चन्द्र बहादुर श्रेष्ठले सेवाग्राहीको गोकर्णेश्वर न.पा.-४ मा रहेको ०-१५-२-० जग्गा अन्य व्यक्तिको नाममा जग्गाधनी प्रमाणपूर्जा जारी भएको देखिन आएकोमा सर्वोच्च अदालतमा समेत विचाराधीन रहेको मुद्दामा उक्त विवादित जग्गाको मिसिलको प्रमाणित प्रतिलिपि लिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरी दुःख हैरानी दिएको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले निज नायव सुब्बा चन्द्र बहादुर श्रेष्ठले सेवाग्राहीसँग रू.२,०००।-(दुई हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज नायव सुब्बा चन्द्र बहादुर श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रू.२,०००।— (दुई हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता